# प्रदेश बालकोष (स्थापना र सञ्चालन) नियमावली, २०७७

**प्रस्तावना:** प्रदेश नं. ५, बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४५ र दफा ५० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम "प्रदेश बालकोष (स्थापना र सञ्चालन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश नं. ५, बालबालिका सम्बन्धी ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको कोष सम्झनु पर्छ ।

(ग) "जिल्ला समिति" भन्नाले ऐनको दफा ४३ बमोजिम गठित जिल्ला बाल अधिकार समितिलाई सम्झनु पर्छ ।

(घ) "डिभिजन कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेका सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश समिति" भन्नाले ऐनको दफा ४० बमोजिम गठित प्रदेश बाल अधिकार समितिलाई सम्झनु पर्छ ।

(च) "वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ३० बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(ज) "सञ्चालक समिति" भन्नाले नियम ५ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

३. **बालकोषको स्थापना:** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्नका लागि ऐनको दफा ४५ बमोजिम मन्त्रालयको नाममा एक बाल कोष स्थापना गरिनेछ।

(२) कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

४. **बालकोष खाता स्थापना र संचालन:** (१) बालकोषको रकम मन्त्रालयको नाममा विविध समूह अन्तर्गत नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाता कोष सञ्चालक समितिको संयोजक वा निजले तोकेको मन्त्रालयको अधिकृत कर्मचारी र मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।



महादेव पन्थ
सचिव

५. <u>कोष सञ्चालक समिति:</u> कोष सञ्चालनका लागि मन्त्रालयमा देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय –संयोजक

(ख) उपसचिव, मानव अधिकार हेर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) उपसचिव/अधिकृत नवौं वा दशौं तह, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) उपसचिव (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(ङ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय –सदस्य सचिव

६. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला बाल अधिकार समितिले सिफारिस गरेका बालबालिका आपत्कालीन अवस्थामा रहे/नरहेको वा विशेष संरक्षणको आवश्यकता भए/नभएको यकिन गर्ने,

(ख) आपत्कालीन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने काममा कोष परिचालन गर्ने, गराउने,

(ग) प्रदेश बाल अधिकार समितिको निर्देशन पालना गर्ने गराउने,

(घ) जिल्ला बाल अधिकार समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) विशेष संरक्षणको आवश्यकता भए/नभएको सम्बन्धमा आवश्यक्तानुसार छानविन गर्ने, गराउने,

(च) विशेष संरक्षणको आवश्यकतामा रहेका बालबालिकाको उद्धार गर्ने, राहत उपलब्ध गराउने र पुनर्स्थापना गर्ने, गराउने,

(छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष स्थायित्वको लागि आवश्यक पहल गर्ने र वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(झ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए/नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ञ) विशेष संरक्षणको आवश्यकता रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने, गराउने ।



महादेव पन्थ
सचिव

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालबालिकाको तत्कालिन अवस्था र स्वास्थ्य स्थिति हेरी तत्काल स्वास्थ्य उपचार, खानपिन, लत्ताकपडा, यातायात तथा आवासका लागि प्रति प्रभावित बालबालिकालाई एक पटकको लागि बढीमा रु १५,००० (पन्ध्र हजार) सम्म सञ्चालक समितिको सदस्य सचिवले र बढीमा रू. ३०,००० (तीस हजार) सम्म सञ्चालक समितिको संयोजकले सोझै प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको स्वास्थ्य उपचार रकम प्राप्त गर्नका लागि सरकारबाट मान्यता प्राप्त चिकित्सकको प्रेस्क्रिप्शन सहित औषधोपचार गरेको विल भर्पाई बुझाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम भएको खर्च सञ्चालक समितिको बैठकबाट रकम अनुमोदन गराउनु पर्नेछ ।

७. <u>सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले आवश्यकता अनुसार सरकारी निकाय, बालबालिकासंग सम्बन्धित संघ संस्था, बाल अधिकारकर्मी र अन्य कुनै सरोकारवाला व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

८. <u>कोषको प्रयोगः</u> (१) कोषको रकम देहायका कार्यमा प्रयोग गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न,



माहादेव पन्थ
सचिव

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल राहत उपलब्ध गराउन,

(ग) खण्ड (क) बमोजिम उद्धार गरिएका बालबालिकाहरुलाई खानपान, लत्ताकपडा, औषधि उपचार, यातायात, आवास, शिक्षा, मनोविमर्श सेवा, कानूनी सहायता, निरन्तर हेरचाह र संरक्षणका लागि पुनर्स्थापना वा दिशान्तर गर्न,

(घ) परिवार विहिन बालबालिकाहरुको पारिवारिक संरक्षण सेवा प्रदान गर्न,

(ङ) जिल्ला समितिलाई आवश्यकता अनुसार रकम प्रदान गर्न ।

(२) उपनियम (१) मा लेखिए देखि बाहेकको अन्य कार्यमा कोषको रकम प्रयोग गर्न सकिने छैन ।

९. **कोषको रकम खर्च गर्ने कार्यविधिः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई देहाय बमोजिमको सीमाभित्र रही कोषको रकम खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्दा लागेको विल भरपाई बमोजिमको खर्च वा अधिकतम रु १०,०००।- (दश हजार) मा नबढ्ने गरी लागेको यथार्थ खर्च स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिसमा जिल्ला समितिले उपलब्ध गराउनेछ ।

(ख) खण्ड (क) मा लेखिए भन्दा बढी रकम खर्च हुने भएमा जिल्ला समितिको सिफारिसमा बढीमा रु ३०,०००।-(तीस हजार) सम्म सञ्चालक समितिको निर्णयबाट प्रदान गर्न सकिनेछ ।

(ग) खण्ड (ख) मा लेखिए भन्दा बढी रकम आवश्यक भएमा जिल्ला समितिको सिफारिस सहित संचालक समितिले प्रदेश समितिमा पेश गर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम पेश भएकोमा प्रदेश समितिले उद्धार र राहत स्वरुप तत्काल संरक्षण गर्नुपर्ने बालबालिकालाई तत्काल शल्यक्रिया लगायतका उपचार गर्नुपर्नेमा उपचाररत अस्पतालमा लागेको यथार्थ खर्च यकिन गरी बढीमा रु १,००,००० (एक लाख) सम्म सम्बन्धित सरकारी अस्पताललाई सोझै भुक्तानी गर्न वा सरकारी अस्पतालमा उपचार संभव नभएको भनी सो अस्पतालले प्रेषण गरेमा प्रेषण गरिएको अन्य अस्पताललाई समेत भुक्तानी दिन सकिनेछ ।

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई प्रदेश अन्तर्गतका कुनै पनि जिल्ला सदरमुकाम वा अन्य स्थानमा अल्पकालीन आश्रय दिनुपर्ने अवस्थामा तथा वैकल्पिक हेरचाहका लागि पुनर्स्थापना वा दिशान्तर गर्नुपर्ने बालबालिकालाई बालगृह वा पुनर्स्थापना केन्द्र वा बाल सुधार गृहको संरक्षणमा पठाउँदा निजको परिवार वा अभिभावक वा कानूनी संरक्षक वा



महादेव पन्थ
सचिव

संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जनालाई खाना तथा बास खर्च बापत बढीमा ५ दिनसम्मको लागि दैनिक रु. १,००० (एक हजार) रुपैयाँ र बाटोमा आउँदा-जाँदा लाग्ने सार्वजनिक यातायातको खर्च प्रदान गर्न सकिनेछ ।

(च) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई प्रचलित कानून बमोजिम स्थापना भएको बाल अधिकार संरक्षण केन्द्र, पुनर्स्थापना केन्द्र, सेवा केन्द्र वा यस्तै प्रकृतिको संरक्षण गृह वा बालगृहमा तत्काल पुनर्स्थापना वा दिशान्तर गर्दा निजको स्वास्थ्य, हेरचाह, खाना, पोषण लगायत आधारभूत आवश्यकता परिपूर्तिका लागि लाग्ने बढीमा तीन महिनाको मासिक रु ६,००० (छ हजार) का दरले लाग्ने खर्च बापतको रकम संचालक समितिले प्रदान गर्न सक्नेछ र यसरी संस्थागत हेरचाहमा राख्दा त्यस्तो बालगृहसँग सम्झौता गरी सिधै उपलब्ध गराउन सकिनेछ ।

(छ) मनोविमर्श सेवा उपलब्ध गराउनु परेको अवस्थामा सो सेवा प्रदान गरे बापत मनोविमर्शकर्तालाई प्रति व्यक्ति प्रति पटक रु १,००० (एक हजार) का दरले बढीमा ५ पटक सम्म सेवा प्रदान गर्न सकिनेछ ।

(२) उपनियम (१) अनुसार खर्च गर्दा देहायका कागजातहरुका आधारमा गर्नुपर्नेछ :-

(क) विशेष संरक्षण आवश्यक भएको बालबालिका हो भन्ने बारे जिल्ला बाल अधिकार समिति वा स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र,

(ख) बालबालिकाको जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्ममिति खुल्ने पत्र ।

(ग) बालबालिकाको बाबु आमाको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पत्र,

(घ) अपाङ्गता भएका बालबालिकाहरूको हकमा अपाङ्गता परिचयपत्र वा सो परिचयपत्र उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र,

(ङ) कानूनी सहायता र मनोविमर्श सेवा आवश्यक भएका बालबालिकको हकमा अवस्था हेरी सम्बन्धित कानून व्यवसायी वा विशेषज्ञसंगको समन्वयमा सञ्चालक समितिको निर्णय ।

(च) यस उपनियमको खण्ड (ख) देखि (ङ) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि पहिचान नखुलेका बालबालिकाको हकमा सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयको संयुक्त मुचुल्का ।

महादेव पन्थ
सचिव

(३) उपनियम (२) बमोजिमका कागजातका आधारमा तत्काल सहयोग गर्नु पर्ने अवस्थामा समितिको बैठकबाट पछि अनुमोदन हुने गरी सञ्चालक समितिका संयोजकको निर्णयबाट सहयोग उपलब्ध गराउन सकिने छ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरूलाई सहयोगका लागि अनुसूची -१ को ढाँचामा आवेदन फाराम भर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरूलाई सहयोग प्रदान गर्दा संघीय सरकार, स्थानीय तहले प्रदान गरेको सहयोगमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।

तर त्यस्ता बालबालिकालाइ थप सहयोग आवश्यक भएको भनी स्थानीय तहबाट सिफारिस भइ आएमा थप सहयोग प्रदान गर्न बाधा पुगेको मानिने छैन ।

१०. <u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार:</u> ऐनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) कुनै बालबालिका आपत्कालीन अवस्थामा रहे, नरहेको वा विशेष संरक्षणको आवश्यकता भए, नभएको सम्बन्धमा यकिन गर्ने,

(ख) आपत्कालीन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा सञ्चालक समितिलाई सिफारिस गर्ने,

(ग) बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भए, नभएको सम्बन्धी स्थलगत अनुगमन गर्ने,

(घ) आपत्कालीन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) आपत्कालीन अवस्थामा रहेका बालबलिकाको उद्धार गर्ने, राहत उपलब्ध गराउने र पुनर्स्थापना गर्ने सम्बन्धमा मन्त्रालयसँग समन्वय गर्ने ।

(च) कोषबाट प्रास रकम खर्च गर्ने, अभिलेख राख्ने र सो सम्बन्धी खर्चको प्रतिबेदन गर्ने।

११. <u>कोषको लेखा र लेखापरीक्षण:</u> (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।



महादेव पन्थ
सचिव

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

१२. <u>कोष खारेज हुन सक्नेः</u> (१) कुनै कारणले छुट्टै बालकोष सञ्चालन गर्न आवश्यक नभएमा वा कोषको औचित्यता नभएमा प्रदेश सरकारले कोष खारेज गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको मौज्दात रकम प्रदेश सञ्चित कोषमा हस्तान्तरण गर्नुपर्नेछ ।

१३. <u>प्रतिवेदन पेश गर्नेः</u> सञ्चालक समिति र जिल्ला समितिले आफूले गरेको कार्यको अभिलेख सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१४. <u>अभिलेख राख्नेः</u> (१) सञ्चालक समितिले आफूले गरेको कामको अभिलेख अनुसूची-२ को ढाँचामा राख्नुपर्नेछ ।

(२) जिल्ला समितिले आफूले गरेको कामको अभिलेख अनुसूची-३ को ढाँचामा राख्नुपर्नेछ ।

१५. <u>निर्देशन दिन सक्नेः</u> (१) मन्त्रालयले सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. <u>संशोधनः</u> आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले नियमावलीको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा संशोधन गर्न सक्नेछ ।

महादेव पन्थ
सचिव

अनुसूची-१

## प्रदेश बालकोषबाट सहायता प्राप्त गर्नका लागि आवेदन फारमको ढाँचा

(नियम ९ को उपनियम (४) सँग सम्बन्धित)

लुम्बिनी प्रदेश
सुकाम बुटवल, नेपाल

१. बालबालिकाको विवरण :

नाम : ..........                    थर .............. लिङ्ग.................उमेर....................

गाउँपालिका/नगरपालिका ................................ वडा नं. ...............................

गाउँ/टोल ................... जिल्ला .................. प्रदेश................

विद्यालय गएको भए नाम ठेगाना ..........................................................................

कक्षा .......................

स्वास्थ्य अवस्था .....................................................................................................

जन्म दर्ता भएको/नभएको .............................

२. बाबुको विवरण :

(१) बाबुको नाम थर ......................................................................

(२) बाबु नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरेको (घ) अन्य ..........................

(३) बाबुको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पूर्ण अपाङ्गता (ग) अन्य अवस्था ...............................................................................................

३. आमाको विवरण :

(१) आमाको नाम थर ......................................................................

(२) आमा नभएको भए सोको कारणः (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य .........................

(३) आमाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पूर्ण अपाङ्गता (ग) अन्य अवस्था ...............................................................................

४. अपाङ्गता भएका आमा बाबु वा अभिभावक भएमा अपाङ्गताको परिचयपत्र भएको वा नभएको र अपाङ्गताको किसिम ..........................................



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुकाम बुटवल, नेपाल

## ५. पारिवारिक विवरण :

| क्र.सं. | परिवारको सदस्यको नाम | बालकसँगको नाता | उमेर | पेशा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ६. कुन किसिमको विशेष संरक्षण आवश्यक भएको बालबालिका हो खुलाउने :

.................................................................................................................................

.................................................................................................................................

आवेदकको दस्तखत ........................

नाम थर ..............................................................बालकसंगको नाता ..............

ठेगाना ................................................................

मिति ................................

सम्पर्क नं ....................

महादेव पन्थ
सचिव

अनुसूची-२

**संचालक समितिको अभिलेख**

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश सरकार**

**लुम्बिनी प्रदेश**

**सामाजिक विकास मन्त्रालय**

| क्र.सं. | मिति | लाभग्राही बालबालिकाको नाम | ठेगाना | अभिभावक/संरक्षकको नाम | सहायताको किसिम | उपलब्ध गराइएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

महादेव पन्थ
सचिव

## अनुसूची-३

**जिल्ला बाल अधिकार समितिको अभिलेख**

(नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

.......... जिल्ला

लुम्बिनी प्रदेश

| क्र.सं. | मिति | लाभग्राही बालबालिकाको नाम | ठेगाना | अभिभावक/संरक्षकको नाम | सहायताको किसिम | उपलब्ध गराइएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

महादेव पन्थ
सचिव